# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
### १ नं. प्रदेश, नेपाल


पत्र संख्या :- २०७५/७६
चलानी नम्बर : ४०६५

बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलबारी, मोरङ १ नं. प्रदेश नेपाल

मिति : २०७५/१२/२८

बिषय :- "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम संचालन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
बेलबारी नगरपालिका
बेलबारी, मोरङ ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभाग सिंहदरबार, काठमाडौको च.नं. ४६५ मिति २०७५।१२।२७ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार (माननीय गृहमन्त्री स्तरको) मिति २०७५।१२।१४ को निर्णयानुसार आगामी २०७६ साल वैशाख १ देखि ७ गतेसम्म "व्यक्तिगत घटना दर्ता सप्ताह" विभिन्न कार्यक्रमका साथ मनाउने निर्णय भएको भनी लेखी आएको हुंदा सो पत्रको छाया प्रति यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा जानकारी गरिन्छ ।

१२।२८

... खड्का
... अधिकृत

...न्द्र खड्का
... अधिकृत


Email address: belbarimunmorang@gmail.com , Website: www.belbarimun.gov.np Ph. No. 021-546240 , 021-545344

फो.नं.: ०१-४२३३८७९
४२४०२३९, ४२५७७८३

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५/७६
चलानी नम्बर: ८६५

मिति २०७५/१२/२७

विषय **"व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम संचालन सम्बन्धमा ।**

**श्री महानगरपालिका कार्यालय, सबै**
**श्री उपमहानगरपालिका कार्यालय, सबै**
**श्री नगरपालिका कार्यालय, सबै**
**श्री गाउँपालिका कार्यालय, सबै ।**

प्रस्तुत विषयमा नेपाल सरकार (माननीय गृहमन्त्री स्तरको) मिति २०७५/१२/१४ को निर्णय अनुसार आगामी २०७६ साल वैशाख १ गते देखि ७ गतेसम्म मुलुक भरका नागरिकहरुमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गरी व्यक्तिगत घटना दर्ताको दायरा बढाउने उद्देश्यले **"व्यक्तिगत घटना दर्ता सप्ताह"** विभिन्न कार्यक्रमका साथ मनाउने निर्णय भएकोले ताहाँ स्थानीय तहबाट तपसिल बमोजिमको कार्यक्रमहरुको आयोजना गरि **"व्यक्तिगत घटना दर्ता सप्ताह"** कार्यक्रम गर्न गराउनु हुन अनुरोध छ ।

बेलबारी नगर कार्यपालिका कार्यालय
दर्ता नं. ५११२
दर्ता मिति २०७५/१२/२८

(दिपक काफ्ले)
महानिर्देशक

तपसिल:

१. २०७६ साल वैशाख १ गतेदेखि ७ गतेसम्म नागरिकमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गर्ने विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।

२. "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम अवधिभर जनप्रतिनिधि र कर्मचारीहरुले आफु र परिवारका सदस्यहरुको व्यक्तिगत घटना दर्ता गर्न बाँकी रहेको भए घटना दर्ता गर्ने गराउने व्यवस्था मिलाउने ।

३. "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम अवधिभर भएका व्यक्तिगत घटना दर्ताको विवरण २०७६ साल वैशाख १५ गते भित्र यस विभागमा पठाउने व्यवस्था मिलाउने ।

४. व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई नियमित र व्यापक रुपमा अगाडि बढाउन स्थानीय संचार माध्यमहरुको समेत उपयोग गरी कार्य गर्ने गराउने ।